## संयुक्त प्रेस विज्ञप्ति

## ५ मंसिर २०७८

## विस्तृत शान्ति सम्झौताको १५ वर्ष : अझै पाइएन न्याय

**नेपाल सरकार र तत्कालीन विद्रोही माओवादीले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको १५ वर्ष पुगेको सन्दर्भमा द्वन्द्वपीडित संस्था तथा मानवअधिकार संगठनहरू नेपालका हजारौं द्वन्द्वपीडितहरूका लागि सत्य तथा न्याय दिलाउने प्रक्रियामा भइरहेको ढिलाइ र धोकाधडीलाई अन्त्य गर्नका लागि आह्वान गर्दछन् ।**

**नेपालमा रहेका तपसिलका द्वन्द्वपीडित संघसंस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरू नेपाल सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई खुला, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि तत्काल तथा शीघ्र कदम चाल्नुपर्छ भन्ने माग दोहोऱ्याउँछन् ।**

२०६३ मंसिर ५ मा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौताले  द्वन्द्वकालमा गरिएका मानवअधिकार उल्लंघनका घटनाहरूको निष्पक्ष छानबिन गरी पीडितलाई न्याय प्रदान गर्ने महत्त्वपूर्ण प्रतिबद्धता गरेकोमा त्यसको कार्यान्वयन गर्न सरकार लगातार विफल रहेकाले द्वन्द्वपीडित, पीडितका परिवार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय आजको दिनलाई झूटो आशा, असन्तुष्टि तथा पीडाको  रूपमा सम्झँदैछन् ।

विस्तृत शान्ति सम्झौताले औपचारिक रूपमा एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गरेको थियो र ६० दिनभित्र 'बेपत्ता पारिएका' व्यक्तिको स्थिति सार्वजनिक गर्ने र "मानवअधिकारको गम्भीर उल्लंघन र मानवताविरुद्धको अपराधमा संलग्न रहेकाहरूको बारेमा सत्य अनुसन्धान गर्ने" प्रतिबद्धता गरेको थियो । दुर्भाग्यवश, त्यसको १५ वर्ष बितिसक्दा पनि पीडित तथा तिनका परिवार आफ्ना प्रियजनको स्थितिको बारेमा जानकारी पाउन प्रतीक्षारत छन् । तर आयोग गठन गरिएको ७ वर्ष बित्नलाग्दा समेत सत्य अनुसन्धानको झूटो प्रक्रियामा पीडितलाई अल्मल्याइएको छ ।

विद्यमान संक्रमणकालीन न्याय आयोगहरू सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नेपाली नागरिकहरूलाई प्रतिज्ञा गरिएको भन्दा पूर्ण विपरीत छन् ।  पीडित लगायतका सरोकारवालाहरू यी आयोगहरू त्रुटिपूर्ण कानूनअन्तर्गत राजनीतिक प्रभावमा रही गठन गरिएको विश्वास गर्दछन् । त्यस त्रुटिपूर्ण कानूनलाई संशोधन गरी मानवअधिकारका गम्भीर उल्लंघनका घटनामा क्षमादान दिन नपाइने व्यवस्था गर्न सर्वोच्च अदालतले २०७१ फागुन १४ गते आदेश दिएको थियो । तर सर्वोच्च अदालतको आदेशका बावजूद उक्त ऐन नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दायित्वअनुरूप हालसम्म पनि संशोधन गरिएको छैन ।

विद्यमान संक्रमणकालीन न्याय संयन्त्रहरू बिल्कुल बेकामे भएका छन्, पीडित लगायतका सरोकारवालाहरूको विश्वास र सहकार्य समेत हासिल गर्न सकेका छैनन्, तिनले पीडितहरूको नियमित न्याय प्रणालीमाथिको पहुँचलाई अवरोध गरेका छन् साथै दण्डहीनतालाई थप प्रवर्धन गरेका छन् । न्यायमा गरिएको यस अवरोधले पीडितहरूलाई न्यायका सबै ढोका बन्द गरिदिएको मात्र नभई नेपालमा विधिको शासन र पीडितको न्यायप्रतिको आशालाई समेत कमजोर बनाएको छ ।

मानवअधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान गर्ने आधारभूत जिम्मेवारीलाई पन्छाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय र द्वन्द्वपीडितहरूको आँखामा छारो हाल्नका लागि संक्रमणकालीन न्याय आयोगहरूले बिना स्पष्ट कार्ययोजना पीडित तथा तिनका परिवारहरूलाई "परिचयपत्र" वितरण गरेका छन् । विडम्बनाको कुरा, यी परिचयपत्रहरूमा वास्तविक पीडितको नाम छैन, पीडितले भोगेको पीडा र क्षतिका आधारमा परिचयपत्रको वर्गीकरण पनि गरिएको छैन । क्षति र पीडाको गम्भीरता र मात्राको आधारमा परिचयपत्र

वाहकले पाउने सुविधामा समेत वर्गीकरण गरिनुपर्नेमा परिचयपत्र बोक्ने व्यक्तिले कस्तो छुट वा सुविधा पाउँछ भन्ने कुनै व्यवस्था समेत गरिएको छैन । कठपुतली बनाइएका आयोगहरूले काम गरिरहेको देखाउनका लागि परिचयपत्र वितरणको नाटक रचेका हुन् । आयोगहरूका यी विवादास्पद कदमविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।

सर्वोच्च अदालतको आदेशबमोजिम विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया आरम्भ गर्न सरकार विफल रहेकोमा हामी गहिरो असन्तुष्टि व्यक्त गर्दछौं । विशेषगरी बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्न, पीडितहरूसँग सार्थक परामर्श गर्न, संक्रमणकालीन निकायहरूमा आयुक्त छनोट गर्नका लागि खुला, स्वच्छ, पारदर्शी र स्वतन्त्र प्रक्रिया शुरू गर्न तथा राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्न हामी सरकारलाई आह्वान गर्दछौं ।

दण्डहीनताको अन्त्य र पुनः ज्यादती दोहोरिन नदिने तथा सत्य, न्याय र परिपूरण पाउने पीडितको अधिकारलाई ढिलाइ गर्ने तथा कमजोर बनाउने सरकारको षड्यन्त्रको हिस्सा नबन्न र संक्रमणकालीन न्यायसम्बन्धी राज्यको दायित्वलाई विना थप ढिलाइ पूरा गर्नका लागि ठोस कदम चाल्दै प्रगतिउन्मुख दिशामा अघि बढ्न नेपाल सरकारलाई दबाब दिनका लागि संयुक्त रणनीति बनाउन हामी अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्दछौं । हामी, तपसिलका हस्ताक्षरकर्ताहरू माफीप्रधान ऐन अनि राजनीतिक तवरले नियन्त्रित प्रक्रियाबाट गठित अहिलेकै अवस्थाका यी आयोगहरूसँग सहकार्य नगर्ने हाम्रो अडानलाई पुनः दोहोर्‍याउँदछौं । संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनका लागि तत्कालौं देहायबमोजिमका ठोस र स्पष्ट कदम चाल्न सरकारसमक्ष माग राख्दछौं :

- सरोकारवालाहरूको परामर्शमा समग्र संक्रमणकालीन न्याय प्रक्रियाको समयसीमा सहितको स्पष्ट कार्ययोजना  सार्वजनिक गरी संक्रमणकालीन न्याय प्रक्रिया निष्कर्षमा पुर्‍याउने ठोस प्रतिबद्धता जाहेर गर्न र उक्त  कार्ययोजना अक्षरशः कार्यान्वयन गर्न,
- संक्रमणकालीन न्यायसम्बन्धी कानून संशोधन गर्नका लागि पीडित लगायतका सबै सरोकारवाला सँग समावेशी रूपमा ताजा एवम् अर्थपूर्ण परामर्श तत्काल आरम्भ गर्न,
- सर्वोच्च अदालतका आदेश तथा अन्तर्राष्ट्रिय संक्रमणकालीन न्याय मापदण्डहरू अनुकूल कानून संशोधन गर्न र आवश्यक आधारभूत कानून निर्माण गर्न,
- पीडितको सत्य र न्यायमा पहुँचको आधारभूत अधिकारलाई सम्मान गर्ने गरी कानून संशोधन गरिएपछि संशोधन गरिएको ऐनअन्तर्गत प्रतिस्पर्धात्मक तथा पारदर्शी प्रक्रिया र स्पष्ट मापदण्डका आधारमा सक्षम र स्वतन्त्र आयोग गठन गर्न,
- आयोगलाई कार्यसम्पादन गर्नका लागि आवश्यक पर्ने आर्थिक स्रोत तत्काल उपलब्ध गराउन, आयोगलाई आवश्यक पर्ने संरचना, विज्ञ, प्राविधक तथा जनशक्तिको व्यवस्था आयोग आफैले गर्ने व्यवस्था मिलाउन,
- द्वन्द्वकालमा बिछ्याइएका बमबारुद पड्किएर शान्ति सम्झौतापश्चात् समेत अंगभंग हुन पुगेका सर्वसाधारण व्यक्तिहरू यातना, बलात्कार तथा यौनजन्य हिंसाबाट पीडित नागरिकहरूको पहिचान, औषधोपचार, सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न,
- पीडितका औषधोपचार, सहायक सामग्री, सम्पत्ति हस्तान्तरणजस्ता तत्कालीन आवश्यकताहरू तत्काल सम्बोधन गर्न,

- परिपूरणको अधिकारलाई कानूनमा नै स्पष्ट व्यवस्था गर्न र पीडितहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक तथा कानूनी सहायता तत्काल उपलब्ध गराउने सुनिश्चितता गर्न ।

**हस्ताक्षर गर्ने संस्थाहरू :**

| पीडित संस्थाहरू | | | |
|---|---|---|---|
| १ | द्वन्द पीडित साझा चौतारी | २ | द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल |
| ३ | द्वन्द्व पीडित महिला राष्ट्रिय संजाल | ४ | अपाङ्गता भएका द्वन्द्व पीडितहरुको राष्ट्रिय संजाल |
| ५ | द्वन्द्व पीडित टुहुरा समाज | ६ | न्यायका लागि द्वन्द्व पीडित समाज |
| ७ | द्वन्द्व पीडित समिति, बर्दिया | ८ | बेपत्ता पारिएका परिवार समाज (नेफाड) |
| ९ | नेपाल माओवादी पीडित संघ | १० | द्वन्द्व पीडित र किसान अधिकार समाज, कैलाली |
| ११ | अपाङ्ग पीडित संघर्ष संघ, दोलखा | १२ | द्वन्द्व प्रभावित व्यक्तिहरुको सरोकार समाज, दाङ्ग |
| १३ | बाँदरमुढे घटना सरोकार समिति | १४ | द्वन्द्व पीडित शिक्षक समाज |
| १५ | द्वन्द्व पीडित स्व-रोजगार तालिम केन्द्र नेपाल, | १६ | द्वन्द्व पीडित राष्ट्रिय समाज |
| १७ | द्वन्द्व व्यवस्थापन र विस्थापित सरोकार केन्द्र | १८ | बहिरगमित जनमुक्ति सेना नेपाल |
| १९ | गुरु लुइटेल अध्ययन र विकास केन्द्र | २० | मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान |
| २१ | मैना बाल बिकास समिति, | २२ | रीना अर्पन स्मृति प्रतिष्ठान |
| २३ | गणेश उज्जन स्मृति प्रतिष्ठान | २४ | भैरव स्मृती प्रतिष्ठान, गोरखा |
| २५ | लक्ष्मी आचार्य स्मृती कोष, जाजरकोट | २६ | शहिद बशिष्ठ कोइराला ९सुरेशचन्द्र० स्मृती प्रतिष्ठान |
| २७ | मनिलाल स्मृती प्रतिष्ठान, म्याग्दी | २८ | नन्दलाल कोइराला स्मृती प्रतिष्ठान, गोरखा |
| २९ | रा। सि। प। स्मृती प्रतिष्ठान, अर्घाखाची | ३० | शहीद जय बहादुर रावल स्मृती प्रतिष्ठान, जाजरकोट |
| ३१ | शिव प्रसाद भट्ट स्मारिका, गोरखा | ३२ | हरि भक्त स्मृती प्रतिष्ठान, रुकुम |

| | | | |
|---|---|---|---|
| ३३ | शहीद टिकराज आरन स्मृती प्रतिष्ठान, रामेछाप | ३४ | शहीद दशरथ ठाकुर स्मृती कोष, राजबिराज |
| ३५ | शहीद र बेपत्ता योद्धा बालबालिका प्रतिष्ठान | ३६ | शहीद अजबलाल यादव स्मृती प्रतिष्ठान, धनुषा |
| ३७ | भूपेन्द्र स्मृती प्रतिष्ठान नेपाल | ३८ | द्वन्द्व पीडित महिला सञ्जाल, बाँके |
| ३९ | भूपेन्द्र स्मृति प्रतिष्ठान नेपाल, बाँके | ४० | द्वन्द पीडित अधिकार मंच, म्याग्दी |
| ४१ | शान्ती अठोट (पिस इन्भिजनर्स) | | |
| **राष्ट्रिय संस्थाहरू** | | | |
| १ | जवाफदेहिता निगरानी समिति (एडब्ल्यूसी) | २ | वकालत मञ्च नेपाल (एएफ) |
| ३ | अलायन्स फर सोसल डायलग (एएसडी) | ४ | एम्नेस्टी इन्टरनेसनल नेपाल |
| ५ | नीलहीरा समाज नेपाल | ६ | सेन्टर फर लिगल स्टडीज (सिएलएस) |
| ७ | सिभिल राइट्स एसोसिएसन नेपाल | ८ | शान्तिका लागि साझा अभियान (कोक्याप) |
| ९ | दलित संञ्जाल संघ | १० | लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था (डीएफएआरआई) |
| ११ | डिग्निटी मिडिया | १२ | व्यक्तिको अधिकार रक्षा मञ्च नेपाल |
| १३ | पुनर्स्थापकिय न्याय मञ्च | १४ | महिला कानून तथा विकास मञ्च (एफडब्ल्यूएलडी) |
| १५ | महिला पत्रकार तथा सञ्चार मञ्च ( सञ्चारिका समूह) | १६ | हिम राइट्स |
| १७ | न्यायका लागि मानव अधिकार | १८ | मानव अधिकार संगठन (हुरोन) |
| १९ | मानव अधिकार तथा न्याय केन्द्र ( एचआरजेसी) | २० | मानवअधिकार, वातावरण तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय संस्था (इन्हुरेड इन्टरनेसनल) |
| २१ | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान (हुर्फोन) | २२ | न्याय तथा अधिकार संस्था (ज्युरी-नेपाल) |
| २३ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २४ | कानूनी सहायता तथा परामर्श केन्द्र नेपाल ( एलएसीसी) |
| २५ | जागरण मिडिया सेन्टर (जेएमसी) | २६ | नागरिक आवाज |
| २७ | सामाजिक न्यायका लागि कानून तथा नीति मञ्च (ल्यापसोज) | २८ | नेपाल कानून तथा नीति केन्द्र |
| २९ | महीला मानव अधिकार रक्षक राष्ट्रीय सञ्जाल | ३० | संकल्प |
| ३१ | सुरक्षित आप्रवाशनका लागि राष्ट्रीय सञ्जाल | ३२ | तराई मानवअधिकार रक्षक संजाल (टीएचआरडी अलायन्स) |
| ३३ | नेपाल पीस बिल्डिङ इनिसिएटिभ | ३४ | बहुसांस्कृतिक मनोसामाजिक संस्था (टीपीओ-नेपाल) |
| ३५ | सार्वजनिक प्रतिरक्षक समाज नेपाल ( पीडीएस-नेपाल) | ३६ | मानव अधिकारका लागि एकल महिला (डब्लु एच आर) |

| | | | |
|---|---|---|---|
| ३७ | तरङ्गिणी फाउन्डेशन | ३८ | महिला पुनःस्थापना केन्द्र (ओरेक) |
| ३९ | द स्टोरी किचन | ४० | भोईस अफ वुमन मिडिया |
| **अन्तर्राष्ट्रिय संस्थाहरू** | | | |
| १ | एसियन अलायन्स अगेन्स्ट टर्चर | २ | एसियन जस्टिस एण्ड राइट्स (एजेएआर) |
| ३ | एसियन ह्युमन राइट्स कमिसन ( एएचआरसी) | ४ | इन्टरनेशनल फेडरेशन फर ह्युमन राइट्स |
| ५ | ईन्टरनेशनल फिडरेशन फर हुमन राईटस (एफआईडिएच) | ६ | ट्रन्जिशनल जस्टिस एसियन नेटवर्क |